**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि उडिसाको दुई दिने भ्रमणमा जानु हुनेछ।
- विदेश मन्त्री एस. जयशंकर आजदेखि चीनको दुई दिने भ्रमणमा रहनु हुनेछ।
- एक्जिओम–४ मा गएका भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र अन्य तीन जनाको फर्किने प्रकिया आजबाट शुरू हुनेछ।
- यस वर्ष अमरनाथ यात्रा गर्ने तीर्थयात्रीहरूको संख्या दुई लाख नाघेको छ। यस वर्षको यात्रा 3 जुलाईबाट सुरु भएको थियो भने 9 अगस्तमा समाप्त हुनेछ।
- छत्तीसगढ विधान सभाको मनसुन सत्र आजदेखि सुरु हुँदैछ।
- टेनिस खेलाडी यानिक सिनरले विम्बल्डन टेनिसको उपाधि जितेका छन्।

**राष्ट्रपति - ओडिशा**

राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि उडिसाको दुई दिने भ्रमणमा जानु हुनेछ ।उहा आज साँझ भुवनेश्वरस्थित बिजु पटनायक अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्नु हुनेछ।यहाँबाट उनी अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेजको पाँचौं दीक्षान्त समारोहमा सहभागी हुनुहुनेछ। राष्ट्रपति मुर्मु कटकस्थित राभेन्सा विश्वविद्यालयको १३औं वार्षिक दीक्षान्त समारोहमा सहभागी हुनुका साथै राभेन्सा गर्ल्स हाई स्कूलका तीन वटा भवनको पुनःनिर्माणको उद्घाटन गर्नुहुनेछ ।उहाले कटकमा आदि कवि सरला दासको जन्मजयन्ती समारोहमा पनि भाग लिनु हुनेछ अनि कलिंग रत्न पुरस्कार प्रदान गर्नु हुनेछ।

**जयशंकर चीन**

विदेश मन्त्री एस. जयशंकर आजदेखि चीनको दुई दिने भ्रमणमा रहनु हुनेछ।उहाँ साङ्घाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) का विदेशमन्त्रीहरूको बैठकमा भाग लिनुहुनेछ । बैठकमा सदस्य राष्ट्रहरूबीच विभिन्न क्षेत्रमा सहकार्य का साथै प्रमुख अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयमा छलफल हुनेछ । समूहमा भारत, चीन, रुस, इरान, कजाखस्तान, किर्गिस्तान, पाकिस्तान, ताजिकिस्तान, उज्बेकिस्तान र बेलारुस रहेका छन् । चीन साङ्घाई कोअपरेसन अर्गनाइजेसनको वर्तमान अध्यक्ष हो । उक्त बैठकको साइडलाइनमा डा. जयशंकरले द्विपक्षीय बैठक पनि गर्नु हुनेछ । उहाले चिनियाँ विदेशमन्त्री वाङ यीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । दुई नेताबीच द्विपक्षीय सम्बन्धलाई सामान्य ीकरण गर्ने र लामो समयदेखिको सीमा विवाद समाधानका उपायबारे छलफल हुने अपेक्षा गरिएको छ । गत वर्ष अक्टोबरमा भारतले लद्दाखमा जारी गतिरोध अन्त्य गर्न सहमति जनाएपछि दुई देशले सम्बन्ध सामान्य बनाउने प्रयास गरिरहेका छन् । सन् २०२० मा पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखामा भएको सैन्य गतिरोधपछि दुई देशबीचको सम्बन्धमा तनाव आएको थियो ।जयशंकरको यो पहिलो चीन भ्रमण हो ।

**एक्जिओम-4 मिशन**

एक्जिओम–४ मा गएका भारतीय अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र अन्य तीन जना आजदेखि फर्किने प्रकिया

मा छन् । विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले सामाजिक सञ्जाल मार्फत भन्नु भएको छ 'फर्कने यात्रा भारतीय समयअनुसार अपराह्न ४ः३० बजे सुरु हुनेछ र मिसनका सदस्यहरू भोलि अपराह्न ३ बजेपृथ्वीमा पुग्नेछन् । शुभांशु शुक्ला र चालक दलका अन्य तीन सदस्यलाई फ्लाइट सर्जनको निगरानीमा सात दिनको पुनस्थापना गरिनेछ ताकि उनीहरूलाई पृथ्वीको गुरुत्वाकर्षणमा समायोजन गर्न सकियोस्। ग्रुप क्याप्टेन शुभांशु शुक्ला १४ दिने मिसनमा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा छन् । उनी अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा पुग्ने पहिलो भारतीय र अन्तरिक्षमा जाने दोस्रो भारतीय हुन् । यसअघि सन् १९८४ मा विंग कमान्डर राकेश शर्मा अन्तरिक्षमा गएका थिए । शुभांशु शुक्लाले अन्तरिक्ष स्टेशनमा भारतीय वैज्ञानिकहरूले विकास गरेका सात वटा प्रयोगहरू गरेका थिए।

**Byte**

**अमरनाथ यात्रा**

यस वर्ष अमरनाथ यात्रा गर्ने तीर्थयात्रीहरूको संख्या दुई लाख नाघेको छ। अधिकारीहरू अनुसार हिजो दक्षिण कश्मीर हिमालयमा रहेको पवित्र गुफा अमरनाथमा १७,००० भन्दा बढी तीर्थयात्रीहरूले भगवान शिवको दर्शन गरे, जसले गर्दा कुल यात्रीहरूको संख्या २ लाख ६३ पुगेको छ। उनीहरूले भने कि यात्रीहरूमा १२,२१० पुरुष, ४,२०२ महिला, २६४ बालबालिका, १०३ साधु, १८ साध्वी, छ ट्रान्सजेन्डर र ५१४ सुरक्षा बलका कर्मचारीहरू थिए। वार्षिक यात्रा जुलाई ३ मा सुरु भएको थियो र अगस्ट ९ अगस्ट मा समाप्त हुनेछ।

**छत्तीसगढ- विधानसभा**

छत्तीसगढ विधान सभाको मनसुन सत्र आजदेखि सुरु हुँदैछ। यस सत्रमा पाँच बैठकहरू हुनेछन् र १८ जुलाई मा समाप्त हुनेछ। यस अवधि, राज्य सरकारले केही संशोधन विधेयकहरू प्रस्तुत गर्नेछ।

**जीएसटी संग्रह**

पछिल्लो १० वर्षमा प्रत्यक्ष कर संकलनमा २७४ प्रतिशतले वृद्धि भएको छ। अर्थ मन्त्रालय अनुसार आर्थिक वर्ष २०१३–१४ देखि २०२४–२५ को बीचमा कर विभागले जारी गरेको रकममा ४७४ प्रतिशतले वृद्धि भएको छ । करदाताको संख्या पनि १३३ प्रतिशतले बढेको छ । सन् २०१३ मा ९३ दिन रहेको रिफन्डको औसत समय सन् २०२४ मा १७ दिनमा झरेको छ । पछिल्लो दशकमा कर प्रशासनमा यो सकारात्मक परिवर्तन डिजिटल पूर्वाधारअपनाइएका कारण भएको हो। यसले आयकर रिटर्न (आईटीआर) फाइल गर्ने प्रक्रियालाई सजिलो, अधिक सटीक र छिटो बनाएको छ।

**अनिवार्य घोषणा - सार्वजनिक भाषण**

आकाशवाणीको समाचार सेवा विभागले आज राति ९.३० बजे फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा "वर्षा जल संचयन और जल संरक्षण में इसकी भूमिका" विषयमा छलफल प्रसारण गर्नेछ। राष्ट्रिय स्वच्छ गंगा अभियानका पूर्व महानिर्देशक जी. अशोक कुमार र वातावरणविद् डा. अरविन्द कुमारले छलफलमा भाग लिनु हुनेछ।

कार्यक्रमको क्रममा हाम्रो स्टुडियोमा उपस्थित विज्ञहरूबाट श्रोताहरूले पानी संरक्षण, प्रभावकारी पानी संकलन प्रणाली र दिगो भविष्यमा यसको भूमिकासँग सम्बन्धित प्रश्नहरू सोध्न सक्नेछन्। प्रश्न सोध्नको निम्ति टेलिफोन नम्बरहरू 0 1 1 - 2 3 7 1- 1 0 5 0 र 0 1 1 - 2 3 3 1 4 4 4 4 अनि व्हाट्सएप नम्बर 9 2 8 -9 0 9 -4 0 4 4.रहेको छ भने प्रश्नहरू X मा ह्यासट्याग Ask-AIR मा पोस्ट पनि गर्न सकिनेछ।

**ट्रम्पको बेलायत भ्रमण**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आगामी महिना सेप्टेम्बरमा बेलायतको राजकीय भ्रमण गर्ने तय भएको छ। फेब्रुअरीमा ह्वाइट हाउसको भ्रमणको क्रममा प्रधानमन्त्री केयर स्टारमरले पठाएको पत्र मार्फत राजा चार्ल्स तृतीयले निमन्त्रणा दिएका थिए। २०१९ मा ट्रम्पको पहिलो राजकीय भ्रमण महारानी एलिजाबेथ द्वितीयले आयोजना गर्नुभएको थियो।

**IMD-मौसम**

भारतीय मौसम विभाग (IMD) ले आज राजस्थान, गङ्गा पश्चिम बंगाल, गुजरात, झारखण्ड, ओडिशा र पश्चिम मध्य प्रदेशका केही भागहरूमा भारीदेखि धेरै भारी वर्षाको पूर्वानुमान गरेको छ। दिल्ली, चण्डीगढ, हिमाचल प्रदेश, जम्मू र कश्मीर, तटीय कर्नाटक, अण्डमान र निकोबार टापुहरू र उत्तरपूर्वी राज्यहरूका केही भागहरूमा पनि आगामी २-३ दिनमा भारी वर्षा हुने सम्भावना छ। मौसम विभागले आज पश्चिम मध्य प्रदेश, बिहार, झारखण्ड, ओडिशा, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम, तेलंगाना, उत्तराखण्ड र पश्चिम राजस्थानका केही ठाउँहरूमा बिजुली र तेज हावासँगै मेघगर्जनसहित वर्षाको पूर्वानुमान गरेको छ। IMD ले आन्ध्र प्रदेश, तमिलनाडु, पुडुचेरी र कराइकलमा दिनभरि तातो र आर्द्र अवस्था रहने अनुमान गरेको छ।

**विम्बलडन**

टेनिस खेलाडी यानिक सिनरले विम्बल्डन टेनिसको उपाधि जितेका छन्।रोमाञ्चक फाइनलमा उनले डिफेन्डिङ च्याम्पियन कार्लोस अल्काराजलाई ४–६, ६–४, ६–४, ६–४ ले पराजित गरे। सिनर १४८ वर्षको इतिहासमा विम्बल्डनको उपाधि जित्ने पहिलो इटालियन खेलाडी बनेका छन्। सिनरले आफ्नो चौथो ग्रान्डस्लाम उपाधि जितेका छन्। यो जितसँगै उसले पिआईएफ एटीपी वरियतामा ३ हजार ४ सय ३० अंकको बरत हासिल गरेका छन्।

****** ० ******